कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल असोज ०२ गते मंगलबार को बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० निवासी श्री हरिमाया शर्मालाई मासिक पारिश्रमिक रु. ४५,०००, सवारी भाडा रु. १५,००० र सरकारीकामकोसिलसिलामाभ्रमणगर्दानियमानुसार दैनिक भ्रमण भत्ता रु. २,००० उपलब्ध गराउने गरी मा. मुख्यमन्त्रीज्यूको जनसम्पर्क सल्लाहकार (विज्ञ) नियुक्ति गर्ने । |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सल्यान जिल्ला, दार्मा गाउँपालिका-२ निवासी श्री प्रतीक इच्छुक शर्मालाई मासिक पारिश्रमिक रु. ४५,००० र माननीय मुख्यमन्त्रीज्यूको भ्रमणमा सँगै जानु पर्ने अवस्थामा नियमानुसार दैनिक भ्रमण भत्ता रु. १,८०० उपलब्ध गराउने गरी मा. मुख्यमन्त्रीज्यूको प्रेस सल्लाहकार (विज्ञ) नियुक्ति गर्ने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "कर्णाली प्रदेशको गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५" मिति २०८०/०६/०१ देखि प्रारम्भ हुनेछ भनी निर्णय गर्ने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विभूषण सिफारिस तथा सम्मान र पदक वितरण सम्बन्धमा विधेयकको मस्यौदा तर्जुमा गर्ने प्रयोजनका लागि तयार गरिएको सैद्धान्तिक स्वीकृतिको अवधारणापत्र स्वीकृत गर्ने। |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | अनुसूचीमा प्रस्तुत भएका विषय क्षेत्र अनुसार प्रस्तुत भए वमोजिमका सदस्यहरु रहने गरी कार्यदल गठन गर्ने ।<br><br>**अनुसूची**<br>**१. कार्यदलको संरचना**<br>क) पूर्वाधार तथा पर्यटन कार्यदल<br>(अ) योगेन्द्र बहादुर शाही, उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग<br>(आ) सचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>(इ) सचिव, जलश्रोत तथा उर्जा विकास मन्त्रालय<br>(ई) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>(उ) महाशाखा प्रमुख, पूर्वाधार विकास महाशाखा, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय |

ख) कृषि, वन तथा उद्योग कार्यदल

- (अ) श्री ऋषि खनाल, सदस्य, कर्णाली प्रदेश योजना आयोग
- (आ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- (इ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
- (ई) महाशाखा प्रमुख, योजना महाशाखा, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

ग) सामाजिक कार्यदल

- (अ) श्री जीत बहादुर शाह, सदस्य, कर्णाली प्रदेश योजना आयोग
- (आ) सचिव, सामाजिक विकास मन्त्रालय
- (इ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय
- (ई) महाशाखा प्रमुख, योजना महाशाखा, सामाजिक विकास मन्त्रालय

(घ) प्रमुख आर्थिक सल्लाहकारलाई जिम्मेवारी तोक्ने

तत्काल तयार गर्नुपर्ने प्रस्तावनाहरु निर्माणको लागि सम्बन्धित विषयका विज्ञहरुलाई आवश्यक सेवा सुविधा प्रदान गरी निजहरु समेतको सहयोगमा प्रस्तावना तयार गर्ने जिम्मेवारी माननीय मुख्यमन्त्रीज्यूका प्रमुख आर्थिक सल्लाहकार डा. सालिकराम पोखरेललाई तोक्ने ।

**२. कार्यदलका जिम्मेवारीहरु**

क) कर्णाली प्रदेशमा सम्बन्धित विषयको अवस्था, समस्या र सम्भावना पहिचान गर्ने,

ख) लगानी सम्मेलनमा प्रस्तुत गर्नुपर्ने सम्बन्धित क्षेत्रका लगानीयोग्य कार्यक्रम तथा आयोजना पहिचान गर्ने,

ग) पहिचान गरिएका कार्यक्रम तथा आयोजनाको विवरण सहितको सूची तयार गर्ने,

घ) सूची अनुसारका कार्यक्रम तथा आयोजनामा लगानीको लागि प्रस्ताव तयार गर्ने ।

**३. कार्यदलको सुविधा र शर्तहरु**

क) कार्यदलको वैठक सञ्चालन सम्बन्धी कार्यविधि कार्यदल आफैले निर्धारण गर्ने,

ख) कार्यदलको प्रथम वैठक वसेको १५ दिनभित्र कर्णाली प्रदेश योजना आयोगमा प्रतिवेदन पेश गर्ने,

| | | |
|---|---|---|
| | | ग)कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ वमोजिम वैठकमा वढिमा ३ जना सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्ने,<br>घ) कार्यदलले वढिमा ५ वटा वैठकबाट कार्य सम्पन्न गर्ने र वैठकका पदाधिकारी तथा आमन्त्रित सदस्यले कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ वमोजिम वैठक भत्ता प्राप्त गर्ने,<br>ङ) वैठकमा हुने वैठक भत्ता, चियाखाजा तथा स्टेशनरी खर्च कर्णाली प्रदेश योजना आयोगमा चालु आ.व. मा **कर्णाली लगानी सम्मेलन**क्रियाकलापमा विनियोजित रकमबाट गर्ने ।<br>च) कार्यदलको सचिवालय सदस्य सचिवले प्रतिनिधित्व गर्ने मन्त्रालयमा रहने ।<br><br>४. लगानी सम्मेलन तयारी र सञ्चालन सम्बन्धी अन्य समग्र समन्वय र संयोजन कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्षले गर्ने । |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८०" कर्णाली प्रदेश सभामा पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| ८. | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | प्रदेश पर्यटन नियमावली, २०८० स्वीकृत गर्ने। |
| ९. | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | कर्णाली प्रदेश वन नियमावली, २०८० स्वीकृत गर्ने। |
| १०. | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | १. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र कार्यालयहरुमा साविक घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि ७ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने।<br>२. मन्त्रालयले स्वीकृत अस्थायी दरबन्दीमा साविकका घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत ७ जना कर्मचारीहरुलाई मन्त्रालय तथा सम्बन्धित कार्यालयको तलब भत्ता शिर्षकबाट तलब भत्ता व्यवस्थापन गरी मन्त्रालयले प्रत्येक ६/६ महसनामा म्याद थप गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल असोज २२ गते सोमबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो अधिवेशन मिति २०८०/०६/२२ गते सोमबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल असोज २४ गते सोमबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले श्रोत व्यवस्थापन गरी नेपाल बार एशोसिएशन, रामशाहपथ काठमाण्डौंलाई नियमित बार्षिक साधारण सभाको लागि प्रस्तावमा उल्लेखित सर्तको पालन गर्ने गरी आर्थिक सहयोग/अनुदान स्वरुप पन्ध्र लाख रुपैयाँ उपलब्ध गराउने। |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | राहतको वितरणको लागि रु.६,००,००,०००/- ( अक्षरेपी रकम रु छ करोड मात्र) व्यवस्थापन गर्न स्वीकृती प्रदान गर्ने। |